# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२६ | २०७६ माघ २२ गते बुधबार | 05 February 2020 Wednesday | मूल्य रू. १०/-


## आयोडिन महिनाको सुरुवाती

**मिसन न्यूज**

**कालिकोट**

आयोडिनको कमीबाट लाग्ने रोगलाई निवारण गर्ने उद्देश्यले जिल्लामा फेब्रुअरी महिनालाई भव्यताको साथ मनाउने भएको छ। 'आयोडिन युक्त नुन खाऔं, मानसिक फुर्ती, शारिरिक शक्ति बढाऔं' भन्ने नाराका साथ जिल्लाका विभिन्न संघसंस्थाले सामुहिक रुपमा कार्यक्रमको आयोजना गरेका छन् ।

दुई बालबालिका चिन्ह भएको आयोडिन नुनलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सही मात्रामा आयोडिन नुन भएको प्रमाणीकरण गरि सकेकाले यसको महत्वका बारेमा सर्वसाधारणलाई बुझाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । जिल्ला जनस्वास्थ्य कार्यालय कालीकोटको आयोजना र विभिन्न साझेदारी संस्थाको सहयोगमा जिल्लामा सोमवार र्‍याली सहित कोडसभा गरिएको छ। फेब्रुअरी महिनाको पहिलो साता आयोडिनको कमीले हुने विकृतिको न्युनिकरणका लागी अपनाउन सकिने उपायहरुका विषयमा र्‍याली सहितको कोडसभा सम्पन्न गरिएको छ । जिल्लाको जिरोप्वाइन्ट देखि र्‍याली सहित मान्म प्रतिमा चौकमा कोडसभा गरिएको हो । जिल्ला स्वास्थ्य कार्यालय



खाँडाचक्र नगरपालिकामा आयोडिनको कमीबाट लाग्ने रोगलाई निवारण सम्बन्धी कार्यक्रम हुँदै । तस्विर : मिसन न्यूज

कालीकोटका निमित्त प्रमुख कटकबहादुर महतको अध्यक्षता खाडाचक्र नगरपालिकाका प्रमुख जसीप्रसाद पाण्डेको प्रमुख आतिथ्यता तथा प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्रै पौड्यालको विशेष आतिथ्यतामा कोडसभा गरिएको हो। कोड सभामा बोल्दै प्रमुख अतिथि खाडाचक्र नगरपालिकाका प्रमुख जसीप्रसाद पाण्डेले आयोडिन नुनको उचित पैयोग गर्न आयोडिन युक्त दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुनमात्र प्रयोग गर्न आग्रह गरे । उनले कालीकोट जिल्लामा पहिलेदेखि नै ढुके नुनको प्रयोग बढ्दै गएकाले अहिले सरकारले ढुवानीमा समेत छुट दिएको बताए । उनले आयोडिन युक्त नुनको प्रयोग सदरमुकाममा बढ्दै गएपनि ग्रामिण भेगमा भने अझै ढिके नुनको प्रयोग भईरहेकाले सचेतनाको कार्यक्रम जिल्लामा भन्दा गाउँमा मनाउन आवश्यक रहेको बताए। कार्यक्रममा बोल्दै विशेष अतिथि प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौड्यालले सरकारले आयोडिन बाट हुने असर न्युनिकरण गर्न एक महिनाभरी प्रचार प्रसारका कार्यक्रम गर्ने उदेश्य सहित फेब्रुअरी महिनालाई आयोडिन महिनाका रुपमा मनाउदै आएको बताए। आयोडिन नुन प्रयोगको जानकारी दिदै डाक्टर राजकमल कार्कीले अब आयोडिन नुनको कमिले कसैले पनिसमस्या झेल्नु नपर्ने बताए। उनले आयोडिन

बाँकी ८ पेजमा.....

## सेवासुविधामा विशेष व्यवस्था गरिने

सुर्खेत-कर्णालीका प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनीले 'समृद्ध कर्णाली, सुखारी कर्णाली' निर्माणको अभिभारा प्रदेशसभाको काँधमा आएको बताएका छन् । प्रदेशसभा स्थापना दिवसका अवसरमा मंगलबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उनले प्रदेश सरकारलाई जनउत्तर दायी बनाउनाका साथै सक्रिय विधायिकीय



जिम्मेवारी पूरा गर्नुपर्ने बताए । प्रदेश प्रमुख कलौनीले प्रदेशसभा र प्रदेश सरकारलाई सबैभन्दा विकट एवं पिछडिएको कर्णालीलाई समृद्ध बनाउने चुनौती रहेको बताउँदै भने, 'प्रदेश सरकारले स्थानीय तहसमेतको सहभागिता र अपनत्व हुनेगरी विकास निर्माणका आयोजना सञ्चालन गर्नुपर्दछ ।' प्रदेशसभाको पहिलो बैठक बसेको दिन २०७४ माघ २१ गतेलाई सचिवालयले स्थापना दिवसका रुपमा मनाएको हो ।

## विकासको सफल्तामा साथदिने पुल जिर्ण

**मिसन न्यूज**

**कालिकोट**

कर्णाली राजमार्ग र कर्णाली करिडोर जोड्ने जितेबजारमा रहेको झोलुङ्गे पुल जिर्ण बनेको छ । जिल्लाको खाडाचक्र नगरपालिका र नरहरिनाथ गाउँपालिकाको सिमानामा रहेको दुई वटा राजमार्ग जोड्ने उक्त झोलुङ्गे पुल जिर्ण बनेको हो । कर्णालीको भविष्यसँग जोडिएको कर्णाली करिडोर जोड्ने खुलालु पुल नबन्दा विकास ओसार्न विकल्प बनेको उक्त झोलुङ्गे पुल जिर्ण बन्दै गएपछि विकासी सामान तथा यात्रा गर्न समस्या भएको छ।

झोलुङ्गे पुलमा रहेको जाली च्यातिएको र पुलनै दिन प्रतिदिन कम्जोर हुँदै गएको छ। पुलबाट सामान लिंदा वा मानिसहरु आवतजावत गर्दा जोखिम मोलेर यात्रा गर्न बाध्य भएका छन् । दैनिक रुपमा सयौंको संख्यामा यात्रुहरु र जिल्लाका ५ वटा स्थानीय तहको विकासी सामानहरु कर्णाली तार्ने उक्त पुल जिर्ण बनेपछि सामान ढुवानी तथा आवतजावतका लागि समस्या भएको स्थानीय व्यपारी विजुत्त संज्यालले बताए। उनले भने, 'जिते बजारमा फेरी पनि छ । तर त्यहाँ हिउँदको समयमा गाडी मात्र तारिन्छ। गाडीमा



जितेबजारको जिर्ण झोलुङ्गे पुलबाट सामान लिंदै स्थानीय नागरिक। तस्विर : मिसन न्यूज

आएको सामान त्यही झोलुङ्गे पुलबाट कर्णाली तारिन्छ। फेरीमा वर्षामा गाडी तार्न पनि बन्द हुन्छ। सुर्खेत नेपालगञ्जबाट विकास निर्माण, स्थानीय हाटबजारका लागि आएको सबै किसिमको सामानहरु झोलुङ्गे पुलबाटै तार्नु पर्ने बाध्यता छ। तर पुल जिर्ण बन्दा कसैले पनि त्यसको मर्मतका लागि पहल गरेको छैन् । जिल्लाको पलाँता गाउँपालिका, पचालझरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नीत्रिवेण गाउँपालिका र नरहरीनाथ गाउँपालिकामा जाने हरेक विकासी सामानहरु पनि जितेमा रहेको झोलुङ्गे पुलबाटै कर्णाली तार्नु पर्नुपर्छ। उनका सरकारी तथा निजी मोटरसाइकहरुले पनि यो पुल भएर कर्णाली करिडोर र कर्णाली राजमार्गमा आउने जाने गरेका छन् । कर्णाली करिडोर सञ्चालनमा आएपछि कर्णाली तर्ने हरेक मोटरसाईकल यात्रुहरुले यही झोलुङ्गे पुल भएर आवतजावत गर्ने गरेका छन्। मान्छे र पशुवस्तु हिड्न बनाईएको झोलुङ्गे पुलमा मोटरसाईकल, विकासी सामानहरु ओसार्दा पुल जिर्ण भएको हो । पचालझरना गाउँपालिका जाजरकोटका हार्डवेयर व्यापारी ददी बुढाले जितेबजारमा रहेको झोलुङ्गे पुल जिर्ण बनेपछि आफूहरुलाई सामान ढुवानी गर्न समस्या भएको बताए। पुल निर्माणको थालनी भएको १० वर्ष वित्तिसक्दा पनि खुलालु पुलमा जग मात्र खनिएको छ।

## साढे पाँच वर्षदेखि पालमुनीको वास

सुर्खेत-कर्णाली प्रदेशको राजधानी सुर्खेतका बाढी पहिरोबाट पिडित अझैपनि पालमुनीको वास बस्न बाध्य भएका छन्। सुर्खेतमा २०७१ साउनमा २ दशकयताकै ठूलो र विनाशकारी बाढीपहिरो आयो । विपत्तिबाट १ हजार १ सय ५९ घरमा पूर्ण क्षति पुग्यो। २ सयभन्दा बढी घरमा आंशिक क्षतिमा पुग्यो। जिल्ला प्रशासन कार्यालय सुर्खेतको तथ्यांकअनुसार जिल्लाका विभिन्न ठाउँमा आएको बाढीपहिरोका कारण २४ जनाको ज्यान गयो, भने ९१ जना बेपत्ता भए। विपत्तिको साढे ५ वर्ष पुग्दा पनि बाढीपहिरोबाट विस्थापितको पुनर्स्थापना हुन सकेको छैन । पीडितहरू अझै पनि पालमुनी गुजारा चलाइरहेका छन्। स्थानीय, प्रदेश र संघीय जनप्रतिनिधिले उनीहरुलाई धेरै आश्वासन दिए पनि अवस्था उस्तै छ। राहतको महसुस गर्न सकेका छैनन् । अघिल्लो आर्थिक वर्षमा आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णालीले ६ सय १४ बाढीपीडित घरपरिवारलाई झण्डै ९ करोड बजेट वितरण गरेको मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवले जानकारी दिए । उनका अनुसार चालू आर्थिक वर्षमा मन्त्रालयले बाढिपिडितको पुनर्स्थापनाका लागि ५ करोड

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## विकासमा सकस नहोस्

विकासले नागरिकलाई खुसी बनाउनुपर्ने, उनीहरू उल्टै त्रस्त पो छन् । पूर्वाधार निर्माणका नाममा राज्य जनताको जीवनप्रति बेपर्वाह हुँदा जहाँतहीँ 'विकासका पासो' थापिएका छन् । विद्युत् आउँदा बेमतलब छाडिएका नांगा तारको डर, खानेपानी आउँदा सडकका भ्वाङको । नालीमा समेत ढकनी नलगाई छोडिन्छ । विकासका लक्षित वर्ग पक्कै नागरिक हुन् । तर हामीकहाँ कुनै पनि नयाँ संरचना निर्माण हुँदै गर्दा संवेदनशीलताको कमीले गर्दा नागरिकको जीवन नै संकटमा परेको देखिन्छ । यो अंकमा गोकर्ण गौतमको विशेष रिपोर्ट भन्छ- राज्य संवेदनशील हुँदो हो त नेपालटारमा ढलले बगाएर बालिका विनिता फुयाँलको जीवनहरण हुने थिएन । न कीर्तिपुरमा साइकल यात्री श्यामसुन्दर श्रेष्ठकै ज्यान जान्थ्यो । घाइतेको त लेखाजोखा नै छैन । बारम्बार यस्ता घटना हुँदा सरकारी निकाय मौन हुनु भनेको अपराध नै हो । सरकार सपना बाँड्छ- पानीजहाज, मोनोरेल, मेट्रोरेल र स्मार्ट सिटीको । वास्तविकताचाहिँ विकराल छ । सडकको खाल्डामा खसेर, ढलमा पुरिएर, नांगो तारमा करेन्ट लागेर नागरिकको ज्यान जान्छ । अंगभंग हुन्छ । अरु त अरु, काठमाडौं महानगरमै पाइलैपिच्छे धराप थापिएको छ । तर जवाफदेही शून्य । बरु सरकारी निकायबीच आरोप-प्रत्यारोप चल्छ । बाटो भत्कनुमा सडक विभाग दोष लगाउँछ, विद्युत् प्राधिकरणलाई । प्राधिकरण दोष लगाउँछ, सडक र ढल तथा खानेपानी विभागलाई । महानगर बिचरोजस्तो छ । कसले कहाँ बाटो भत्काएर अलपत्र छोडेको छ, थाहा पाउँदैन । सिकार हुनुपर्छ, सर्वसाधारण । लोकतन्त्रमा नागरिक सर्वोपरि हुन्छन् । सरकार नागरिकको अभिभावक हुनुपर्छ । तर हाम्रा सरकारहरूको इतिहास हेर्दा उनीहरू नागरिकको जीवनसँग संवेदनशील देखिन्नन् । छाडा तारमा करेन्ट लागेर ६ महिनामा प्रदेश २ मा ४५ जनाको अनाहकमा ज्यान गयो । तर न स्थानीय सरकार ठोस कदम चाल्न अघि सर्छ, न त केन्द्र सरकार । साना ठानिएका उल्झनले गर्दा निरन्तर दुष्परिणाम भोग्नुपरेको छ । नागरिकको संवेदनशीलता पनि उत्तिकै चाहिएको छ । महानगरकै बाटोघाटोमा यति विघ्न पासो थापिएको छ, कहिल्यै कतै सामूहिक विरोधको आवाज सुनिन्न । लाग्छ, राज्य प्रणालीको हेलचेक्र्याइँमार्फत सिर्जित अपराधलाई नागरिकले स्वीकारिसकेका छन् । राज्य थप लापरबाह बनिरहेको छ । नागरिकका सानाभन्दा साना समस्या सरोकारवाला निकायकहाँ पुगोस् र सम्बोधन होस् भन्ने हेतुले नै हो,

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## छाउपडी प्रथा हटाउन धामीको प्रतिबद्धता

मिसन न्यूज
कालिकोट

जिल्लाको खाँडाचक्र नगरपालिकाका स्थानीय मष्टो देवताका धामीले छाउपडी प्रथा नमान्ने प्रतिबद्धता जनाएका छन् । खाँडाचक्र



नगरपालिकाले छाउपडी प्रथाविरुद्ध धामिझाँक्रीलाई सचेतना कार्यक्रममा स्थानीय मष्टो देवताका धामीले यस्तो प्रतिबद्धता जनाएका हुन् । छाउपडी प्रथाका मुख्य गडका रुपमा मानिने देउताका धामी र गाउँका ठालुले नै छाउपडी प्रथा नमान्ने सामूहिक प्रतिबद्धता गरेका छन् । उनीहरुको एउटै स्वर छ,' अब हामी छाउपडी प्रथा मान्दैनौं ।'

'देवता मान्छौं, छाउपडी प्रथा मान्दैनौं । महिनावारी भएकी छोरी, बुहारीलाई घरमै राख्छौं । पहिले विभेद गरियो । अब गर्दैनौं । खाँडाचक्र नगरपालिका ७ पिलीका धामी हंसबहादुर मल्लले भने,' छाउपडीविरुद्धको अभियानमा हाम्रो पनि सक्रिय सहभागीता हुन्छ । छाउपडी प्रथा मान्नु हुँदैन भनेर गाउँमा सचेतना जोगाउँछौं ।' यस्तै स्थानीय धामी लिला पाण्डेले छाउ नबार्दैमा कसैलाई केही भए आफूले जिम्मा लिने बताए । उनले भने,'म आफैं देउताको धामी हुँ । तर तपाईंहरु कसैलाई घरमै छाउपडी बसालेकै भरमा देउता लाग्यो भने त्यसको जिम्मेवारी स्वयं म आफैं लिन्छु । घरभित्र महिनावारी भएकी महिलालाई राखेर देवतालाई घण्ट चढाउनु परे, खसी काट्नु परे पनि म कहाँ आउनु होला । तपाईंहरु ढुक्क भएर छाउगोठ भत्काएर घरमै बस्नुहोस् । यसअघि गाउँमा परम्परागत सोच र पुरानो रितिअनुसार चले पनि हालै आएको कानुनले नमान्ने भएपछि सबैले छाउगोठ हटाइ सफा कोठामा बस्दा देउता पनि नलाग्ने र महिला पनि सुरक्षित हुने भएकाले गाउँका सबै स्थानीयलाई छाउ बार्ने प्रथा नमान्न सल्लाह दिने धामी पाण्डेले बताए । खाँडाचक्र नगरपालिका प्रमुख जसीप्रसाद पाण्डेले छाउपडी प्रथा न्यूनीकरणमा नगरपालिकाले छाउगोठसँगै छाउ सोच पनि भत्काउने अभियान सुरु गरेको बताए । उनले भने, 'गाउँमा प्राय देउताका डरले नै महिला छाउ गोठमा बस्ने गरेका छन् । जसलाई निरुत्साहित गर्ने छाउगोठ र छाउ सोच भत्काउने

**बाँकी ८ पेजमा.....**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# सिंजा सभ्यताको कालो दिन

नेत्र शाही

पृथ्वी जयन्तीको दिनका अवसरमा जुम्लाका प्रतिनिधिसभा सदस्य गजेन्द्रबहादुर महतले आफ्नो फेसबुक स्टाटसमा लेख्नुभयो, 'कर्णालीका मान्छेले पृथ्वीनारायण शाहको व्याख्यान गरेको देखेर अचम्म लाग्छ । जसले खस सभ्यताको अस्तित्व मेटाउन हिटलरले भन्दा धेरै दमन गरेका थिए ।' सांसद महतले भनेजस्तै नेपाल एकीकरणको क्रममा सिंजा राज्य पतनपछि कर्णालीको कालो दिन सुरु भएको कर्णालीका बुढापाका र जानकारहरु बताउँछन् । कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारीको भाषण तथा कार्यक्रमहरुमा समेत धेरैपटक १८४६ असोज ३ को ताकामा गोर्खालीले खस सभ्यतालाई पतन गर्न गरेको प्रयास र मानवीय क्षति अमानवीय भएको बताउँदै आउनुभएको छ । देशभर पृथ्वी दिवस मनाइए पनि जुम्लामा जुम्लामा भने जुम्ला राज्य र खस सभ्यताको इतिहासको विषयमा प्रवचन कार्यक्रम सम्पन्न भएको छ ।

तत्कालीन समयको विशाल खस जुम्ला सिंजा साम्राज्यको इतिहासको बारेमा जानकारी दिन नेपाली सेनाको आयोजनामा प्रवचन कार्यक्रम सम्पन्न गरेको हो । भगवती दल गण जुम्लाको आयोजनामा खस भाषाका जानकार तथा खसिया आखर जुम्लाका सम्पादक रमानन्द आचार्यले करिब सवा घण्टा खस सभ्यता, सिंजा राज्य र जुम्लाको बारेमा प्रवचन दिई विशाल खस राज्यको बारेमा जानकारी गराउनु भएको हो । खस जुम्ली भाषाका जानकार रमानन्द आचार्यले तत्कालीन सिंजा राज्यको स्थापना कसरी भयो ? पतन कसरी भयो ? वि.सं. १८४६ पछिको कर्णालीको अवस्थाको बारेमा जानकारी गर्नुभएको छ । जुम्लाको टुडिँखेलमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जनप्रतिनिधिहरुको सहभागितामा खस इतिहास भनिरहँदा भने सरोकारवालाहरुले निकै महत्वका साथ सुनिरहेका थिए । उहाँले सिंजालाई स्थापना गर्ने नागराज राजापछि भइरहेका गतिविधि निकै महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले बृहत जुम्ला राज्यको इतिहास र खस सभ्यता कैलाश र सिंजाबाटै भएको बताउनुभयो । तत्कालीन समयमा उत्तर र दक्षिणतिरबाट आएका जडान र दक्षिणबाट आएका खसानहरु मिलेर खस राज्यको स्थापना गरेको बताउनुभयो । खसहरु संसारको आदिम र कसपछि खसमा परिणत भएका उहाँको दाबी छ । आचार्यले तिब्बतका



राजा दलाई लामा स्रङचङ गोम्पो (भृकुटीका पति) तिरका सन्तान नागराज भएको बताउनुभयो । उनको बस्ती मानसरोवरभन्दा ८-१० किलोमिटर टाढा पर्दछ । उनीहरु त्यहाँका सामन्त थिए । उनी केही गर्न चाहने व्यक्ति थिए । उनी उत्तम स्थान खोज्दै सिंजा आएका थिए ।

तिब्बतको खारी प्रदेशका सामन्त नागराजले केही अठोट गरेपछि सिंजा हाट सिंजालाई राजधानी बनाएर राज्य सञ्चालन गरिरहेका थिए । उनका छोरा चाप, चापका छोरा चापिल्ल, क्राचल्ल क्राधिचल्ल, अशोक चल्ल हुँदै सन्तान अगाडि बढिरहेको उहाँले बताउनुभयो । यसैगरी नागराजले स्थापना गरेको सिंजा राज्यको इतिहासदेखि वि.सं. १८४६ मा गोर्खाली सेनाको आक्रमणमा परेका बेला सिंजा साम्राज्यको पतन भएको इतिहास जुम्ली खस भाषाका जानकार आचार्यले जानकारी दिनुभयो । तत्कालीन समयमा विशाल साम्राज्य बनेको सिंजा राज्यले ३२ देशबाट कर अशुल गर्दथ्यो उहाँले बताउनुभयो । यसैगरी काठमाण्डौको नाम पनि खस भाषाको नामले आरम्भ भएको आचार्यले बताउनुभयो । उहाँले माणु भन्ने शब्द कर्णालीको खस सभ्यताको देवतासँग जोडिएको छ । यसैले काठमाण्डौ खस भाषाको नाममा काठमाणु हुँदै काठमाण्डौ भएको बताउनुभयो । आचार्यका अनुसार उदयपुरका राजा उत्तमराज मुसलमानसँगको युद्धमा रावलपिण्डमा मारिएका थिए । उनकी गर्भवती रानीले शिशु राजा हुनुपर्छ र सुरक्षित स्थानमा राज्य गर्न पाउनुपर्छ भनिन् । ती रानीलाई बाबाहरुको संरक्षणमा कर्णाली तिरल्याइयो । रावलको घरमा राखियो र यिनीबाट जन्मेको दुई बच्चा बलिराज र कविराज हुन । उनीहरु वीर कुमारहरु भएको आचार्यले बताउनुभयो ।यिनले समेत सिंजा राज्यको सञ्चालनमा ठूलो भूमिका खेलेका थिए । नेपाल एकीकरणको क्रममा सिंजा राज्य बलियो भएपछि गोर्खालीहरुको निसानामा परेको थियो ।

गोर्खाले आफ्नो सेना पटक-पटक आक्रमण गर्न पठाएको थियो । आक्रमणमा दुईपटक समेत असफल भएपछि तेस्रो समयमा नेपाल एकीकरणमा लिन नसकेको गोर्खाली राज्यले असोज महिनामा दशैंको समयमा दुईवटा सेनाको टिम सिंजालाई आक्रमण गर्न पठाएको थियो । एकातिर निकै कामको समय । अर्को दशैंमा सेनाहरु घरतिर गएको समयमा भएको आक्रमणमा सिंजा साम्राज्य आक्रमणमा परि पराजित भयो र ध्वस्त भएको थियो । आचार्यका अनुसार जुम्लाको उत्तर र दक्षिणबाट आएको गोर्खाली टिमले वि.सं. १८४६ असोज ३ गते एकै पटक गरेको आक्रमणले सिंजा राज्यको पराजयपछि पतन भएको हो । त्यहाँका अन्तिम राजा शोभान शाही भने भागेर तिब्बत पुग्न सफल भएका थिए । वि.सं. १८४६ पछिको लामो समयसम्म राज्यले सिंजा र कर्णालीप्रति राज्यले हेर्ने दृष्टिकोण राम्रो भएन । कर्णालीका खस भाषाका जानकार आचार्यले भने जस्तै वि.सं. १८४६ पछिको सिंजा विशाल जुम्ला सिंजा राज्यको अवस्था खस्किँदै गयो । जीवनशैली उस्किन नपाएपछि कर्णालीमा गरिबीले छाएको अधिकारकर्मी र जनप्रतिनिधिहरुको धारणा राख्दै आएका छन् । नेपाल एकिकरणको हमलामा सिंजा राज्यले भने तिब्बती सेनालाई गुहार मागेको थियो । तर सो दिन तिब्बती सेनाले बाटो बिराएर अर्के स्थानमा गएपछि एकलौटी गोर्खाली सेनाले बिजय हासिल गरेको थियो । त्यसपछिको इतिहासमा किन सिंजा कमजोर भयो ? वा एकीकरण पछिको राज्यसत्ताले किन कतै सिंजा क्षेत्रको विकासमा ध्यान दिएन । बरु विशाल सिंजालाई सिंजा दरामा मात्र खुम्चाउने प्रयास गरियो । आज काठमाडौं भन्दा कर्णाली विकास गतिको हिसावले दुईसय वर्ष पछि देखिन्छ । नेपाली राष्ट्रिय खस भाषा पनि लोप भएको छ । संस्कृति र सभ्यतामा जोगाउन चुनौति छ । राज्य तहबाट अपनत्वको प्रथामिकता छैन् । अहिलेसम्म रहेका ऐतिहासिक, पुरातात्विक संरचना ओझेलमा परेका छन् । त्यसैले पनि जानकारहरुले उठाउँदै आएको आवाजले पनि दर्शाउँछ कि सिंजा विशाल राज्यको अन्त्यपछि आझेलमा परेको हो । सिंजा राज्यको लडाईमा ठूलो मानवीय क्षति हुन थालेपछि एउटा यूक्ति छ । 'भातु खायो शोभन शाहीले ताउली हाल्यो कुम्ला, जितिहाल्यौ गोर्खालीऔ छोडिहाल जुम्ला' । कर्णालीबासीले १८४६ असोज ३ को त्यो कालो दिन सम्झिरहेका छन् । यसैले पछाडि परेको अहिले सिंजा ओझेलमा छ । वास्तवमा अहिले सिंजा सभ्यता प्रवर्द्धन, भौतिक पूर्वाधारको विकास र समृद्धिको पर्खाइमा छ । यार्सान्यूजबाट

मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौं। गरिबी न्यूनिकरण गरौं।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

# सडक निर्माण कार्यमा तिब्रता

मिसन न्यूज
सल्यान



सल्यानको छत्रेश्वरी गाउँपालिकाले सडक निर्मानको कार्यलाई तिब्रता दिएको छ। आफ्नो पालिका भित्रका प्रमुख तथा सहायक सडकहरुको निर्माण तथा स्तरोन्नतिको कार्यलाई तिब्रता दिएको हो। १२ रै महिना गाडी चन्ले उद्देश्यका साथ गाउँपालिकाले कामको थालनी गरेको हो। अहिले शंखमुल देखी खर्सुबाससम्मको सडकलाई प्रमुख सडकको रुपमा लिएर स्तरोन्नतीको कार्य धमाधम गरिराखेको छ। वडा नम्बर ६ मा पर्ने शारदा क्याम्पस देखि दारिमज्युला(जयचौर हुँदै खर्सुबाससम्मको सडक आफ्नै डोजर प्रयोग गरेर काम अगाडि बढाएको हो।

४ मिटर रहेको उक्त सडक चौडा बनाएर नालासहित १० मिटर बनाउने गाउँपालिकाले लक्ष्य लिएको छ। सडक १० मिटर चौडा बनाएर बाह्रै महिना गाडी चलाउने उद्देश्यका साथ काम सुरु गरिएको गाउँपालिका अध्यक्ष सन्तोष केसिले बताए। उनले भने,‘गतबर्ष हामिले आफ्नै कार्यालयका डोजर लगाएर सडक खन्यौ।’ प्राबिधिक स्टमेटभन्दा करिब ३ गुना सस्तो रकममा काम सम्पन्न भयो त्यसैले खर्चकम आफ्नै कार्यालयका डोजर प्रयोग गरेका हौ। गाउँपालिका भित्रका कोहिपनि नागरिकहरु सडक प्रयोगबाट बन्चित नहुन भन्ने उद्देश्यका साथ भएका सडक मर्मत र नयासडक निर्माणको कार्यलाई तिब्रता दिएको गाउँपालिका अध्यक्ष केसिले बताए। उक्त सडक स्तरोन्नतीको कार्य गाउँपालिकाले आफ्नै बजेटबाट सुरु गरेको हो।करिब ३५ किलोमिटर रहेको उक्त सडकमा गाउँपालिकाले आफ्नै २ स्काभेटर २ ब्याक्हो लोडर र १ टिप्पर प्रयोग गरेको छ। गाउँपालिका भित्रका सडकहरु गाउँपालिकाले आफ्नै ४ वटा डोजर प्रयोग गरेर निर्माण तथा स्तरोन्नति गर्ने गरेको छ। गाउँपालिकाले आफ्नो गाउँसभाबट इन्धन तथा मर्मत खर्चको लागि अवस्यक बजेट बिनियोजन गरेर सडकको काम गर्ने गरेको प्रमुख प्रशासकिय अधिकृत डिल्ली खड्काले बताए। उनले भने, ‘गाउँपालिकाले लागत खर्च कमगर्न कोटेसन र टेन्डरबिना स्तरोन्नतीको कार्य सुरु गरेको हो। टेन्डर दिएर काम थोरै हुने भएकाले खर्च कम गर्न आफ्नै कार्यालयमा उपलब्ध डोजर लगाएर काम गरिरहेको प्रशासकिय अधिकृत खड्काले बताए। गाउँपालिका भित्रका अन्य सडकहरुको कामपनी यसैगरी सम्पन्न गरिने अधिकृत खड्काले बताए।

गाउँपालिका भित्रका प्रमुख तथा सहायक सडकहरु धामाधम निर्माण हुनथाले पछि स्थानीयहरु खुशी भएका छन्। बाटो साघुरो र खाल्डाखुल्डीका कारण यात्रु र सवारी साधनलाई निकै मार परिराखेको अबस्थामा सडकको काम तिब्रगतिमा भैरहेको भन्दै सम्पुर्ण गाउँपालिका बासिहरु खुशि भएको स्थानियहरु बताउछन्। स्थानियहरुले भएको सडक गतिलो नहुदा र सडक गाउँटोल सम्म नपुगेका कारण निकै सास्थी खेप्नुपरेको थियो।

डोजरले काम सुरुगरेपछि सडक बन्ने ढुक्क भएको स्थानीयहरु बताउछन्। गाउँपालिकाले प्रत्येक सडकहरु नाला सहित १० मिटरको चौडाह बनाउने लक्ष्य लिएको गाउँपालिकाले जनाएको छ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# विकासमा फट्को मार्दै रास्कोट

मिसन न्यूज
कालिकोट

जिल्लाको रास्कोट नगरपालिकाले एक घर, एक मिटरसहितको धारा निर्माण गरेको छ। रास्कोट नगरपालिका र युनिसेफ नेपालको सहयोगमा नगर पालिकाको ६ बड्डालामा एक घर एक धारा निर्माण गरेको हो । आर्थिक वर्ष २०७४/०७५ बाट नगरले सुरु गरेको एक घर एक धारा निर्माणको अभियान तीनवटा वडामा सम्पन्न गरेको रास्कोट नगरपालि प्रमुख कासीचन्द्र बरालले बताए । उनका अनुसार दुई वर्षको अवधिमा रास्कोटको ९ मा १ सय ८० घरधुरी, ६ मा ८१ घरधुरी र २ मा ८० घरधुरीमा एक घर एक धारा निर्माण भइसकेको छन् । उनले भने, 'तीनवटा वडामा एक घर एक धारा निर्माण भइसकेका छन् । बाँकी वडामा पनि निर्माणको काम थालिएको छ । युनिसेफ र नगरपालिकाको झण्डै डेड करोड लगानीमा तीनवटा वडामा एक घर एक धारा निर्माण भएका छन् । चालु आर्थिक वर्षबाट नगर पालिका भित्रका सबै तहका विद्यालयमा पनि मिटरसहितका बालमैत्री धारा र शौचालय पनि निर्माण भइरहेका छन् । उनले रास्कोट नगर पालिकालाई अबको दुई वर्षभित्र हरेक घरमा



मिटरसहितको धारा र हरेक टोल पूर्ण सरसफाई उन्मुख हुने दाबी गरे । रास्कोट नगरपालिकाको ९ का ६० घरधुरीमा नमुनाका रुपमा सुरुवात गरिएको एक घर एक धारा निकै प्रभावकारी भएको रास्कोट नगरपालिका ९ का अध्यक्ष एवं नगरको पूर्वाधार विकास समितिका संयोजक डबल बोगटीले बताए । उनका अनुसार एक घर एक धारा निर्माण अभियानमा कर्णाली प्रदेश सरकारले पनि सहयोग गरेको छ । प्रदेश सर कारबाट गत आर्थिक वर्षमा ३५ लाख बजेट खानेपानीमा बिनियोजन गरेको थियो । उनले भने, 'यहाँका नागरिकको पहिलो आवश्यकता सडक र खानेपानी अहिले घर घरमा पुगेको छ ।

बाँकी ८ पेजमा.....

# प्रदेश सरकारद्धारा पलाँतामा अनुगमन

मिसन न्यूज
कालिकोट

जिल्लाको पलाँता गाउँपालिकामा पुस्तौं देखिको नुन-चामलकै संघर्षका लागि भारी बोक्ने दिन अन्त्य हुने भएको छ । सडकखण्डमा फेरी बन्ने भएको छ। यस सडकखण्ड अन्तर्गत पर्ने कर्णालि



नदीमा चाडै लाग्ने भयको छ। कालिकोट जिल्ला पुर्ब आधार बिकास कार्यलय का प्रतिनिधि टोलि आज पलाता गाउँपालिका स्थित बेल्केढुङ्गा मा फेरि को डिटेल्ली अनुगमन को लागि पलाँता पुगेको टोलिले अनुगमन गरी फर्कीएको छ । सडक प्राविधिक कार्य सम्पन्न भए लगत्तै कम्पनीलाई फेरी बनाउन झण्डै १,२ महिना लाग्ने सडक विभागका प्राबिधीकले बताए । २०७६ चैत सम्ममा जडान भई सञ्चालनमा आउने प्राबिधिकले जानकारी दिएका छन् ।

पहल कदमी गर्ने पलाता गाउपालिका का अध्यक्ष लक्ष्मण बहादुर बम र कर्णाली प्रदेस सरकार को ठुलो सयोगको कार्यक्रम रहेको मुख्यमन्त्रीका स्वकीय सचीब सुमन शाहीले बताए। अब पलाता मा बिकास का लहर सगै यातायात को सुबिधा सम्मन्न हुने भयको आसमा पलाँता गाउँपालिका बासी खुसी रहेका छन ।

पलाँतीको भाग्यरेखासँग जोडिएको कर्णाली करीडोर र मोहोर पुलाँह छलाह जोडने कर्णाली नदीमा फेरी सुचारु हुने भएकाले जनता खुशी भएका हुन । यस अघि कालिकोटको जीतेगडा पुग्न एक दीन लाग्ने गाडी परिवर्तन गर्नुपर्ने भएकाले यात्रुहरुले ठूलो हैरानी खेप्नु परेको थियो। गाउँ पालिका सरकार का अध्यक्ष पलाँति कान्छाको दुई बर्ष लामो निरन्तर को अनुरोध लाई सुईकारदै फेरि संचालन हुने भएको छ । प्रदेश सरकारलाई थप प्रेसर थपिए सँगै प्रदेश सरकार तथा मा मुख्य मन्त्रीले आफ्नो माननीय कोषबाट फेरि लगाउने जिम्मा लगेका छन भने पलाँता ले सार्वजनिक यातायात संचालन गर्ने भएपछि फेरि लगाउने थप प्रेस बनेको गाउँपालिका अध्यक्ष बलले बताए । आजभोलि पलाँतामा गाडी फागुन एक गते देखी सुचारु संगै फेरी बन्ने कुरामा पलाँता बासी अत्यन्तै खुसी रहेका छन । फेरी बनेपछि यस्तो समस्या

बाँकी ८ पेजमा.....

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल (वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# व्यापक दुरूपयोग हुदैं राष्ट्रपति उत्थान कार्यक्रम

मिसन न्यूज
कालिकोट

जिल्लामा आपतकालिन अवस्थामा हेलिकप्टरमार्फत सुत्केरी उद्धार गर्ने राष्ट्रपति उत्थान कार्यक्रमको व्यापक दुरुपयोग भएको स्वास्थ्यकर्मीले नै बताएका छन् । जिल्लामा गत साउनयता उद्दार गरिएका ४ वटा सुत्केरीमा ३ वटा सुत्केरीलाई उद्दार गर्नै नपर्ने अवस्थामा उद्धार



गरिएको स्वास्थ्यकर्मीको दावी छ। जिल्ला स्वास्थ्य कार्यालय कालिकोटमा कार्यरत डा. विज्ञान प्रजापतीले जिल्लामै सुत्केरी हुनसक्ने सामान्य सुत्केरीलाई पनि हेलिकप्टरमार्फत सुर्खेत लगिएको बताए । उनले भने, 'कहाँ कसरी हेलिकप्टर आएर सुत्केरीलाई लैजान्छ थाहै छैन् । गाउँमा सुत्केरीको अवस्था जटिल भएपछि पहिले जिल्लामा जानकारी हुनुपर्छ। त्यसो हुँदैन। गाउँमा हेलिकप्टर मागाइसकेपछि मन्त्रालयबाट खबर पाइन्छ ।' उनले जिल्लाबाट हेलिकप्टरमार्फत उद्धार गरिएका गत साउन महिना यता ४ जना सुत्केरीमध्ये एकजना त सुत्केरी नै नभएको र ३ जनामध्ये एकजना मात्र वास्तविक समस्या भएर उद्धार गरिएको बताए । रास्कोट नगरपालिका स्वास्थ्य संयोजक हंशराज बरालका अनुसार गत कार्तिक २१ गते रास्कोट नगरपालिका १ निवासी २५ वर्षीया रत्ना शाहीलाई हेलिकप्टरमार्फत उद्धार गरी प्रदेश अस्पताल पुर्रयाएर आमा र बच्चाको ज्यान बचाइयो । उनको बच्चा उल्टो, नाबी अगाडि देखिएको र लामो समय व्यथा लागेकाले आकास्मिक उद्धार गर्नु परेको हो। डाक्टर विज्ञान प्रजापतीले भने, 'ती रास्कोट नगरपालिका १ की रत्ना शाहीबाहेक अरु तीनजना महिलालाई उद्धार नै गर्नुपर्ने अवस्था थिएन । डाक्टर प्रजापतीकाअनुसार गत शुक्रबार मात्र जिल्लाको नरहरीनाथ गाउँपालिका ७ निवासी भरत बटालाकी पत्नी २१ वर्षीया शान्ति बुढा बटालाको हेलिकप्टरद्धार उद्धार गरियो। उनीलाई सामान्य सुत्केरी व्यथा लागेको थियो । उनलाई हेलिकप्टरमार्फत प्रदेश अस्पताल सुर्खेत पुर्‍यायो। त्यहाँ उनले सामान्य अवस्थामा शिशुलाई जन्म दिइन् । उनलाई जिल्लामै सुत्केरी गराउन सकिने अवस्था थियो । जिल्लामा खबर नै नगरी हेलिकप्टर मगाएर सुर्खेत लगियो । यस्तै, गत मंसिरमा पलाँता गाउँपालिका ७ की पवित्रा बम ४ महिना ९ दिनकी गर्भवती थिइन्। उनी दाउरा लिन वन गएको समयमा एक्रुकासी रक्तश्राव भयो। उनलाई स्वास्थ्य चौकीमा ल्याइयो। उपचार गरियो । सुधार भइसकेपछि हेलिकप्टर मगाएर सुर्खेत लगियो । यस्तै गत असोज महिनामा सान्नीत्रिवेणी गाउँपालिका ५ की स्वसिता शाहीलाई बर्थिङ सेन्टरमा बच्चा जन्मिहाल्छ भन्दा भन्दै स्ववास्थ्यकर्मीलाई दबाब दिएर रिफर गर्न लगाइयो । तर, गत पुस २ गते नरहरीनाथ गाउँपालिका ९ की पावर्ती दर्जी सुत्केरी हुन नसकेरै ज्यान गयो । उनलाई स्वास्थ्य चौकी लालुले जिल्ला अस्पताल लिनका लागि रिफर गरेपनि घरपरिवारले पैसा छैन बढी खर्च हुन्छ भनेर घरमै राखे । दुई दिनपछि सुत्केरी हुन नसकेर ज्यान गयो। कसैले हेलिकप्टरबाट उद्धार गर्नका लागि पहल गरिदिएन् । यस्तै यही माघ ११ गते पलाँता गाँउपालिका ३ की पिरना रोकायाको अवस्था पनि निकै जटिल थियो । बच्चा उल्टो भएकाले हेलिकप्टरबाट उद्धारका लागि पहल गरियो। अघिल्लो दिन नररहरीनाथ गाउँपालिकाकी सामान्य सुत्केरीका लागि हेलिकप्टर लगेकाकाले भोली पल्ट भन्ने बित्तिकै हेलिकप्टर आएन्। हेलिकप्टर नआएपछि स्वास्थ्य चौकी धौलागोहका इन्चार्ज संकर बरालले सुत्केरीको अवस्था जटिल भएकाले जिल्ला अस्पताल लैजान आग्रह गरे । तर आफन्तले बरु बच्चा जेसुकै होला आमालाई बचाइदिनुस्। हामी कही लैजादैनौं भनेपछि शनिबार राती सुत्केरी

**बाँकी ८ पेजमा.....**

# हरेक वर्ष तीन हजार नयाँ कुष्ठरोगी थपिदैं



कुष्ठरोगले अपाङ्गता भएका सङ्ख्या नेपालमा हालसम्म करीब ३० हजार रहेको एक अध्ययनले देखाएको छ । कुष्ठरोगमा लामोसयमदेखि काम गर्दै आएको आनन्दवन अस्पताल र दि लेप्रोसी मिसन नेपाल नामक गैरसरकारी संस्थाले संयुक्तरूपमा हालै सार्वजनिक गरेको अध्ययनमा सो औँल्याइएको हो । कुष्ठरोगको औषधि सेवन गरी निको हुने बिरामीको सङ्ख्या झण्डै एक लाख ९५ हजार र हरेक वर्ष तीन हजारभन्दा धेरै नयाँ बिरामी थपिने क्रम पनि निरन्तर रहेको अध्ययनमा जनाइएको छ। तीन वर्षको अवधिमा प्रति एक लाख जनसङ्ख्यामा नयाँ बिरामीको चाप प्रदेश नं २ र सुदूरपश्चिम प्रदेशमा बढी रहेको देखिन्छ। प्रदेश नं २ मा आर्थिक वर्ष २०७३/७४ मा १८ दशमलव ७९ , २०७४/७५ मा १९ दशमलव ७७ प्रतिशत र २०७५/७६ मा झन् बढेर २४ दशवलव २८ पुगेको देखिन्छ। यसैगरी सुदूरपश्चिम प्रदेशमा आव २०७३/७४ मा आठ दशमलव १५ प्रतिशत, २०७४/७५ मा सात दशमलव ५१ प्रतिशत र २०७५/७६ मा नौ दशमलव २८ प्रतिशत पुगेको छ। अस्पतालमा उपचार गराएका कुष्ठरोगीको सङ्ख्या हालसम्म २१ हजार ३३९ पुगेको छ । सन् २०१८ मा अस्पतालमा नयाँ बिरामी १५०, औषधि खाने ३७२, मिसनले विशेष उपचारका लागि सिफारिश गरेका सङ्ख्या ६९, पुनः अङ्ग फेर्ने वा हटाउने चिरफार गरिएको ११३ तथा सामान्य चिरफार गरिएको दुई हजार १२४ र अस्पतालमा भर्ना भई उपचार गराएको सङ्ख्या ८६५ रहेको अस्पतालले जनाएको छ। तीन वर्षको उपचारमा रहेका बिरामीको चापमा प्रदेश नं २, वाग्मती प्रदेश र सुदूरपश्चिम प्रदेशमा बढी रहेको देखिन्छ । प्रदेश २ मा आव २०७३/७४ र २०७४/७५ मा ३४ र २०७५/७६ मा ४० प्रतिशत पुगेको अध्ययनले देखाएको छ। वाग्मती प्रदेशमा आव २०७३/७४ र २०७४/७५ मा छ प्रतिशत र २०७५/७६ मा १० प्रतिशत रोगी सङ्ख्या बृद्धि भएको जनाइएको छ । सुदूरपश्चिम प्रदेशमा आव २०७३/७४ र २०७४/७५ मा आठ र २०७५/७६ मा बढेर १० प्रतिशत पुगेको जनाइएको छ। चिकित्सकका अनुसार सो रोग आँखाले देख्न नसकिने माइकोव्याक्टेरियम लेप्रे नामक सुक्ष्म किटाणुबाट लाग्ने गर्दछ। खासगरी छाला र नशामा असर गर्ने गरेको कुष्ठरोग विशेषज्ञ डा महेश शाहले बताए । कुष्ठरोग निकै कम सरुवा रोग भए पनि रोग सरेको दुईदेखि पाँच वर्षभित्रमा लक्षण देखा पर्न थाल्छन्। कुष्रोगलाई चिह्न र लक्षणका आधारमा दुई भागमा बाँडिने गरिन्छ । बढी किटाणु भएको रोगलाई एमबी र कम किटाणु भएको रोगलाई पिबी कुष्ठरोग भनिन्छ। यसको उपचार बहुऔषधि विधिबाट गरिन्छ । बढी किटाणु भएका बिरामीले १२ महिना र कम किटाणु भएका बिरामीले छ महिना नियमित औषधि सेवन गर्नुपर्छ। बहुऔषधिको एक मात्राले नै ९९ प्रतिशत किटाणु निश्क्रिय बनाइदिने चिकित्सक शाहले जानकारी दिए। कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका अनुसार गत आव २०७५/७६ मा पत्ता लागेका नयाँ बिरामीको सङ्ख्या तीन हजार २८२ रहेको थियो। हालसम्म १७ जिल्लामा कुष्ठरोग निवारण हुन सकेको छैन ।

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**पचालझरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको,कार्यालय**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# महासंघको आग्रह प्रेस प्रावधान सच्याउन

मिसन न्यूज
काठमाडौं

संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता एवं अभिव्यक्ति स्वतन्त्रता कार्यान्वयनका लागि विभिन्न ऐनकानुन निर्माण एवं परिमार्जनका सन्दर्भमा नेपाल पत्रकार महासंघसहित सम्बद्ध पक्षले गम्भीरतापूर्वक चासो व्यक्त गर्दै आइरेहका छन् । तर, यी कानुन निर्माणमा सरकार र संसद एकतर्फी ढंगले अगाडि बढिरहेकोमा महासंघको स्वतन्त्रताका विश्वव्यापी मान्यता विरोधी प्रावधानहरुलाई सच्याउन महासंघले पटक पटक माग गर्दै आइरहेको छ । यस बारेमा नेपाल पत्रकार महासंघले सरकार, राजनीतिक दलहरु र संसद सचिवालयलाई समेत लिखित रुपमै आफ्ना धारणाहरु प्रस्तुत गरिसकेको पुनः स्मरण गराएको छ ।

माघ १४ गते राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको बैठकले मिडिया काउन्सिल विधेयकका



गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । संविधानको उद्देश्य पूर्तिका लागि विभिन्न कानुनहरुको निर्माण, सुधार र संशोधन हुनु स्वभाविक हो । यसरी कानुन निर्माण गर्दा संविधानको मूल भावना अनुकूल हुनेगरी सरोकारवाला पक्षसँग समेत पर्याप्त छलफल गरिनुपर्छ भन्ने महासंघको मान्यता रहेको छ । यसप्रति सरकार र संसद संवेदनशील हुन महासंघको जोडदार माग रहँदै आएको छ । हाल संसदीय प्रक्रियामा रहेको मिडिया काउन्सिल सम्बन्धी विधेयकमा रहेका संविधान तथा प्रेस केही बुँदाहरु संशोधन गर्नुका साथै केही बुँदाहरु थप गरेको छ ।

महासंघले प्रस्तुत गरेका केही बुँदालाई आंशिक रुपमा सम्बोधन गरिए पनि पत्रकारलाई सरकारी निकायबाट जाँच लिई लाइसेन्स दिने जस्ता प्रावधानहरु थपिएकोमा महासंघले गम्भीर असहमति प्रकट गरेको छ । यो प्रावधान संविधानको मर्म र भावनाको विपरीत हुनुका साथै प्रेस स्वतन्त्रता विरोधी भएकाले यसमा महासंघ गम्भीर असहमति प्रकट गर्दै उक्त प्रावधान तत्काल सच्याउन माग गरेको छ ।

# चुनावी नतिजा प्रविधिका कारण समस्या

एजेन्सी
डेस मोइन्स

अमेरिकी डेमोक्र्याटिक पार्टीको आयोवा राज्यमा भएको प्रारम्भिक चुनावी नतिजा प्रविधिमा आएको समस्याका कारण स्थगन भएको छ । मोबाइल पार्टीका समर्थकहरुले पहिल्यै औंल्याएका थिए । पार्टीले नतिजामा गडबडी नहोस् भन्नका लागि एक एक गरी मतपत्र गणना गर्न निर्देश दिएको छ । डेस मोइन्स काउन्टीका डेमोक्र्याटिक पार्टीका अध्यक्ष टम कर्टनीले पनि मोबाइल एपमा समस्या



एपमा रिपोर्टिङ प्रणालीमा देखिएको समस्याले पार्टीका नेता एवं समर्थकहरु निराश भएका छन् । आयोवा डेमोक्र्याटिक पार्टीले मङ्गलबार अपराह्न मात्र प्रारम्भिक नतिजा सार्वजनिक गर्ने जनाएको छ ।

पार्टीले मतपत्रमार्फत भएको मतदान र विद्युतीय मतदानलाई जाँच गरेर मात्र नतिजा सार्वजनिक गर्ने स्पष्ट गरेको छ । पार्टीका अध्यक्ष ट्रोए प्राइसले कम्प्युटर प्रणाली ह्याक वा कुनै अवरोधका कारण नभई रिपोर्टिङमा मात्र समस्या देखिएको स्पष्ट गरे । नयाँ मोबाइल एपमा समस्या रहेको देखिएको भन्दै मतदाताहरुले गुनासो गरेको बताए । समस्याका बारेमा जानकारी गराए पनि पार्टीको केन्द्रीय कार्यालयले चित्तबुझ्दो जवाफ नदिएको बताए । अमेरिकी राष्ट्रपतिको उम्मेदवार हुन बर्नी स्यान्डर्स, जो बाइडेन, पिट बुटिगीग समेतका वरिष्ट नेताहरु आयोवाको प्रारम्भिक नतिजालाई व्यग्रताका साथ पर्खिरहेका छन् । यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका सहयोगीहरुले डेमोक्र्याटिक पार्टीभित्र फेरि प्रारम्भिक चुनावमा धाँधली हुन लागेको भन्दै व्यङ्ग्य गरेका छन्

# सातको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | प्रारम्भमा काम बन्नुका साथै प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । तापनि अर्थ अभाव कायम रहनेछ । समयमा र कम हातलागी नहुँदा काममा पनि समस्या पर्नेछ । खर्चको मात्रा बढ्नेछ भने एउटै कामलाई दोहोर्याएर प्रयत्न गर्नुपर्ला । |
| | वृष : | सुरुमा व्यवधान देखिए पनि प्रयत्न गर्दा चिताएको काम सम्पादन हुनेछ । धेरैको विश्वास जित्न सकिनेछ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरू समेत नजिकिएलान् । नाम, दाम र इनाम हातपार्ने समय छ । दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ । |
| | मिथुन : | सुरुमा जिम्मेवारी बढ्नेछ तर काम बिग्रने चिन्ताले सताउन सक्छ । अरूका काममा जुट्नुपरे पनि सोमवारदेखि आध्यात्मिक ज्ञानले दुर्भावनाका तरंगहरू समाप्त हुनेछन् । मंगलवारसम्म अवरोध झेल्नुपरे पनि उत्तरार्धमा नयाँ कामतर्फ अग्रसर भइनेछ । प्रतिष्ठित व्यक्तिसँगको सहकार्यले फाइदा दिलाउनेछ । |
| | कर्कट : | सुरुको दिन रमाइलो रहे पनि पूर्वार्ध केही खर्चिलो रहनेछ । स्वास्थ्य पनि कमजोर रहनेछ । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । काम बिग्रने डरले सताउन सक्छ । बुधवारदेखि स्थितिमा सुधार आउनेछ । सानो प्रयत्नले काम बन्नेछ भने अवसरले उत्साह जगाउनेछ । |
| | सिंह : | प्रारम्भ उपलब्धिकारक रहनेछ भने चिताएको काम पनि बन्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । |
| | कन्या : | मेसो नपाउँदा सुरुमा अलमल भए पनि मिहिनेतले काम बन्नेछ । प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्, आम्दानी बढ्नेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । लामो तथा रमाइलो यात्राको प्रक्रिया अघि बढ्नेछ । भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । |
| | तुला : | सुरुमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्याउने हुँदा काम रोकिन सक्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्वास्थ्य कमजोर रहनेछ भने आफन्तको जिम्मेवारीले निजी काममा बाधा पर्न सक्छ । बुधवारदेखि स्थितिमा सुधार आउनेछ र विभिन्न अवसर प्राप्त हुनेछन् । |
| | वृश्चिक : | सुरुको दिन उत्साहपूर्ण रहे पनि घरेलु समस्या सुल्झाउन जुट्नुपर्ला । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा अलि दुस्ख पाइनेछ । बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला । बुधवारदेखि स्थितिमा क्रमशः सुधार आउनेछ । प्रयत्न गर्दा हिम्मतले काम बन्नेछ । |
| | धनु : | प्रयत्न गर्दा ठूलै उपलब्धि हातलागी हुनेछ, त्यसैले विवादबाट टाढा रहनुहोला । सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ काम सुरु हुनेछ । शुभचिन्तकहरूले साथ दिनाले चिताएका काम सजिलै बन्नेछन् । सोम, मंगल र बुधवार भने घरायसी समस्याले अल्झाउन सक्छ । |
| | मकर : | पहिलो दिन रमाइलो रहनेछ भने बोलीको प्रभावले मनग्य फाइदा उठाउन सकिनेछ । तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ । दिगो फाइदा हुने काम सुरु हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ । बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरूलाई वशमा ल्याउन सकिनेछ । |
| | कुम्भ : | पहिलो दिन खर्चिलो देखिए पनि मिहिनेतले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । मानसम्मान प्राप्त भए पनि वादविवादमा परिने सम्भावना देखिएकाले सजग रहनुहोला । सत्कर्ममा जुट्नेहरूलाई बोलीको भरमा काम बन्न सक्छ । |
| | मीन : | प्रारम्भमा मनग्य आम्दानी भए पनि तत्काल खर्च बढ्नाले अर्थ अभाव देखा पर्ला । बेलामा होस नपुर्याउँदा चुनौती पनि आउलान् । तापनि मिहिनेतले स्थितिमा सुधार आउनेछ । केही दौडधुप गर्नुपरे पनि अवसर प्राप्त हुनेछ । बुधवारदेखि भोजभतेरको निम्तो आउन सक्छ । |

## आयोडिन महिनाको..................

नुन बढी भएपनि शरीरमा समस्या हुने र कम भएपनि समस्या हुने बताए । उनले आयोडिन नुनको कमीले विभिन्न समस्या पैदा हुने बताए । आयोडिन नुनको प्रयोग गर्नुभन्दै स्थानीय गोरख शाहीले गितबाट पनि नुनको प्रयोग गर्न आग्रह गरेका थिए ।

## विकासमा फट्को......................

रास्कोट नगरपालिका ९ निवासी स्थानीय धर्मर ाज ऐडीले घरमा बालमैत्री धारा जडान भएपछि खानेपानीको लागि खोलाको पानीको भर पर्नुपर्ने समस्या अन्त्य भएको बताए । उनले आफ्नै घर को आँगनमा खानेपानीको धारा भएपछि समयको बचत हुनुका साथै करेसा बारीमा सिंचाइ गर्न पनि सहज भएको बताए । सुन्दर रास्कोट र समृद्ध रास्कोट बनाउनका लागी शिक्षा, स्वास्थ्य, यातायात र खानेपानी क्षेत्रलाई नगरले पहिलो प्राथमिक्ता दिएको रास्कोट नगरपालिका ६ का अध्यक्ष एवं नगर प्रवक्ता टक्क फर्सालले बताए । उनले भने, 'बड्डालाको टोलमा प्रत्येक बर्षातमा खोलाको धमिलो पानी खानुपर्ने बाध्यताको अन्त्य भएको छ । खानेपानीको समस्या रहेका रस्कोटका ग्रामिण बस्तीमा एक घर एक धारा निर्माण भएपछि स्थानीयबासी खुसी भएका छन् ।

## छाउपडी प्रथा हटाउन ......................

अभियानमा धामीको साथ खोजेका छौं ।' खाँडाचक्र नगरपालिका उपप्रमुख विजया विष्टले स्थानीय ठालु धामीलगायतका सरोकारवालाको सक्रियतामा खाँडाचक्र नगरपालिकालाई छाउपडी प्रथामुक्त नगरपालिका बनाउने जोड दिइन् । उनले छाउपडी उन्मुलन गर्नका लागि नगरपालिकाले धामी,ज्योतिष र किशोरीलाई सचेतनामुलक तालिम दिने बताइन् । जिल्लामा विशेषगरी बाहुन, क्षेत्री, दलित, ठकुरी परिवारका महिला छाउ बार्ने प्रथाबाट पीडित रहेको उनको भनाइ छ ।

**सम्र्पुणमा अनुरोध**

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**उपभोग्य बस्तु खरिद गर्नुअघि अनिवार्यरुपमा वस्तुको मुल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादक मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्ने गरौँ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**'भष्ट्राचार विरुद्धको सहकार्यःसुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## व्यापक दुरूपयोग हुदैं..................

भइन । बच्चा बचेन । आमालाई बचाइयो । स्वास्थ्य चौकी धौलागोहका इन्चार्ज बरालले भने, धन्न आमालाई बचाइयो ।' जिल्ला स्वास्थ्य सेवा कार्यालयमा निमित्त स्वास्थ्य सेवा व्यवस्थापक कटकबहादुर महतले सरकारले दुर्गम तथा पिछडिएका क्षेत्रमा राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तरगत सुत्केरी महिलाको उद्धार गर्ने लक्ष्य लिएपनि कालिकोटमा सदुपयोग नभएको बताए । उनले भने,' जिल्लामा दिन सकिने सेवाकै लागि राज्यको खर्चले सुत्केरी महिलालाई किन बाहिर लिन जरुरी थिएन । वास्तविक समस्या परेका महिलाको उद्धार हुनुपर्छ ।'

## साढे पाँच वर्षदेखि......................

९० लाख रकम विनियोजन गरेको थियो। मन्त्रालयलाई अर्थ मन्त्रालयले सत्तरी करोडको सिलिंग पठाएको थियो । उक्त सिलिङ अनुसार नै मन्त्रालयले बाढीपिडितको लागि भन्दै उक्त बजेट माग गरेको थियो। मन्त्रालयले आफ्नै सिलिंगमार्फत बजेट माग गरेपनि अर्थ मन्त्रालयले भने विशेष अनुदान अर्न्तगत उक्त बजेट राख्यो । विशेष अनुदानबाट उक्त बजेट खर्च गर्न नसकिएपछि बाढीिपिडतले अझै कति दिन पालमै बस्नुपर्ने हो भन्ने यकिन भइसकेको छैन । तर त्यो रकम अर्थ मन्त्रालयमा गएर रोकिएको छ । उनका अनुसार आन्तरिक मामिला मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई रकम थप गर्न पटक पटक पत्र काटेपनि जवाफ आएको छैन । 'हाम्रो मन्त्रालयको बजेट प्रयाप्त नभएकोले त्यहाँबाट रकम थप गरेर विशेष अनुदान स्वीकृत गर्न हामीले पत्र काटेका हौं,' उनले भने । दुई मन्त्रालयको आपसी असमझदारी तथा ढिलासुस्तीका कारण बाढिपिडितहरू यो वर्षको चिसो पनि त्रिपालमै काट्न बाध्य छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले भने अर्थ मन्त्रालयले बाटो खोल्नुपर्ने जनाएको छ । तर आर्थिक मामिला तथा योजना मन्त्री दल रावल भने आर्थक मामिला मन्त्रालयले बाटो नरोकेको दावी गर्छन् । 'हामीले बाटो रोकेका छैनौं । बजेट थप गर्नलाई हामिसंग बजेट छैन,' उनले भने, 'पत्र आएको हामीलाई थाहा छैन । पत्र आएको छैन ।' यति भन्दै उनी पन्छिन खोजे । बाढीबाटपीडित परिवारहरू वीरेन्द्रनगरको महिला प्रशिक्षण केन्द्र, भेरीगंगाको पाँडुले र पञ्पुरीको गिरीघाटका अस्थायी शिविरमा बस्दै आएका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवले आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट थप गरी विशेष अनुदान स्वीकृत गर्नुपर्ने अडान लिएका छन् । तर आर्थिक मामिला तथा योजना मन्त्रालयले भने वास्ता गरेको छैन ।

## प्रदेश सरकारद्धारा पलाँतामा.................

हट्ने विश्वास छ, पलाँता गाउँपालिकाका युवा सुरेन्द्र खाँडले भने, अब पलाँताको राडुनेटा गाडीमा जान पाइने र त्यो ३,४ घण्टाको उकालो बाट सहयोग पुग्ने बताए । यही वर्षभित्र राडुनेटा सम्म जिप, चल्ने आस गरेका छौं,' कर्णलि नदीमा यसै आर्थिक वर्षभित्र बेलिब्रिज राख्ने योजना रहेको प्रदेश शरकारको प्रतिनिधी टोलिका प्राविधिकहरूले बताएका छन । चारैतिर उजाड देखिने ठाउँमा कर्णाली नदीको तीरैतीर निर्माण भइरहेको यो सडक भने रहरलाग्दो देखिन थालेको छ । विपन्नताले चौतर्फी निराशामा पारेको पलाँताको पूर्वोत्तरसहित कर्णाली क्षेत्रका बासिन्दालाई पछिल्लो समय यही सडकको निर्माणको गतिले आशा जगाएको छ । यही सडकले हाम्रो जीवन फेर्ने आस छ । साबिक धौलागोह, खीन, थिर्पुमा हुदै जुम्ला सिमानामा पर्ने दैनिक उपभोग्य सामाग्रीका लागि दीनभरी हिँडेर भारी बोक्नुपर्ने बाध्यताबाट छुटकारा मिल्यो भने अबको पुस्ताले सुख पाउने गाउँपालिका अध्यक्ष बमको दाबि रहेको छ ।

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत